नेपाली राजदूतावास
पेरिस, फ्रान्स

प. सं. H-1/०७९-०८०/२५८

मिति: २०७९/११/१७
१ मार्च २०२३

श्री गैरआवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद्
पेरिस, फ्रान्स।

विषयः **वैदेशिक रोजगार बचतपत्र, २०८४ "क" (५ वर्षे) बिक्री सम्बन्धमा।**

प्रस्तुत विषयमा नेपाल सरकारको १२.५० प्रतिशत ब्याजदरको वैदेशिक रोजगार बचतपत्र २०८४ "क" (५ वर्षे) मिति २०७९ फागुन १४ देखि चैत ३ सम्म बिक्री खुला गरिएको र सो बचतपत्र वैदेशिक रोजगारीमा विदेशमा रहेका वा वैदेशिक रोजगारी गरी स्वदेश फर्केका नेपाली नागरिकहरू तथा विदेशमा बसोबास गर्ने गैरआवासीय नेपालीहरूले नेपाल राष्ट्र बैंकको वेबसाइट url/link: (http://obss.nrb.org.np/saving/) मा उल्लिखित प्रक्रियाअनुसार अनलाइन आवेदन गर्न सक्ने व्यवस्था नेपाल राष्ट्र बैङ्कले गरेको छ। नेपाल राष्ट्र बैंकले जारी गरेको वैदेशिक रोजगार बचतपत्रसम्बन्धी *कार्यविधि, २०६९ (दोस्रो संशोधन, २०७६)* विस्तृत जानकारीको लागि यसैसाथ संलग्न छ।

उल्लिखित व्यवस्था बारेको जानकारी फ्रान्समा बस्ने नेपालीहरू र गैरआवासीय नेपालीहरूसमक्ष पुर्याउने व्यवस्था हुन र सो प्रयोजनका लागि फ्रान्सस्थित विभिन्न नेपाली संघसंस्थालाई जानकारी गराइदिने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ।

दिपेन्द्र प्रसाद साह
(तृतीय सचिव)

Address: 45 bis, rue des Acacias, 75017 Paris, France Tel: +33-1-77 16 52 57 Fax: 42 27 08 65
Email: nepalinparis@noos.fr & conparis@mofa.gov.np Website: fr.nepalembassy.gov.np